नेपाल सरकार
ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
(..............अनुमतिपत्र महाशाखा..............)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७४/०७५
चलानी नं. : १६४९

मिति: २०७५/०२/१६

**विषयः-सुपर मादी जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र बारे ।**

श्री हिमाल हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड,
जाउलाखेल,ललितपुर
फोन नं. :०१-५०००४८०,५०००४८१
पो.ब.नं.: १२२६८

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित सुपर मादी जलविद्युत आयोजना (वि.उ. १९२) को स्वामित्व हस्तान्तरणको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा हाल कायम प्रवर्द्धक (हिमाल हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड) को तर्फबाट स्वामित्त्व हस्तान्तरणको लागि दरखास्त तथा तपसिल बमोजिमका कागजात/विवरणहरु पेश भएपश्चात् मात्र स्वामित्व हस्तान्तरणको कारवाही अगाडि बढाउन सकिने विभागको मिति २०७५/०२/१५ को विभागीय (महानिर्देशकस्तरको) निर्णयानुसार अनुरोध गरिन्छ ।

तपसिलः

१.प्रस्तावित प्रवर्द्धकको नाममा उद्योग दर्ता प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपि
२.वार्षिक लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३.प्रस्तावित प्रवर्द्धक तथा सोका शेयर होल्डर कम्पनीहरुको अद्यावधीक शेयर लगत अभिलेखको प्रमाणित प्रतिलिपि
४.स्वपूंजी लगानी क्षमता पुष्टी हुने कागजात सम्बन्धमा आवश्यक शेयर पूँजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको CA द्वारा प्रमाणित नेट वर्थ प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा

- आयोजनामा स्वपूँजी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच सम्पन्न सम्झौता
- कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेटवर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्वन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता

Vijaya
(विजय शर्मा)
ईन्जिनियर

बोधार्थः
सुपर मादी हाइड्रोपावर लिमिटेड,
डिल्लीबजार,काठमाण्डौ
फोन नं: ०१-४४२७०९०,४४२३९७१